**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय मार्फत एक वर्ष (२०८१ श्रावण देखि २०८२ असार सम्म) को अवधिमा भएका कार्यसम्पादन एवं उपलव्धिहरु बारे जानकारीका लागि आयोजित पत्रकार सम्मेलनमा वितरित**

# प्रेस विज्ञप्ति

समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकांक्षालाई सघन रुपमा अघि बढाउन सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारले २०८१ असार ३१ गतेबाट कार्यभार सम्हालेको एक वर्ष पुरा भई सकेको छ। यस सरकारमा सहभागी भई सोहि दिनदेखि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको नेतृत्व लिएको पनि ठिक एक वर्ष पुरा भएको छ।

यातायात पूर्वाधारको विकास र यातायात प्रणालीको नीतिगत व्यवस्थापनको मुख्य जिम्मेवारी रहेको यस मन्त्रालयले आफू र मातहतका निकायहरुको कार्य सम्पादनका बारेमा जानकारी दिन यो प्रेस विज्ञप्ति जारी गरिएको छ ।

मन्त्रालय मातहतका सडक विभाग, रेल विभाग, यातायात व्यवस्था विभाग र नेपाल पानीजहाज कार्यालय मार्फत सम्पादन भएका मुख्य कार्यहरु र हासिल भएका उपलब्धिहरुबारे जानकारी दिन आयोजित यस कार्यक्रममा उपस्थित सम्पूर्ण सञ्चारकर्मी मित्रहरुलाई हार्दिक स्वागत गर्दछु।

यस अवधिमा लक्ष्य प्राप्तिमा दृढ र सुशासन प्रति संकल्पित भई कार्य सम्पादन गर्ने कर्मचारी नेतृत्व तथा सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद ज्ञापन गर्दछु। साथै यस मन्त्रालयसँग प्रत्यक्ष सरोकार राख्ने निर्माण व्यवसायी, यातायात व्यवसायी, इन्जिनियरिङ क्षेत्र लगायत सवै पक्षहरु प्रति आभारी छु।

यस अवधिमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकास साझेदारहरु, दातृनिकाय एवं कुटनीतिक क्षेत्रको पनि उल्लेखनीय सहयोग प्राप्त भएको छ। यस एक वर्षको समिक्षा अवधिमा उपस्थित भई रहँदा सवै क्षेत्र र निकायप्रति धन्यवाद व्यक्त गर्दछु।

यस मन्त्रालयको बिगत ६ वर्षको पुँजीगत खर्च तुलना गर्दा आ.व. २०८१/८२मा सवैभन्दा बढी ७६.४१ प्रतिशत प्रगती, जुन औसत राष्ट्रिय पूँजीगत खर्च भन्दा करिव १३ प्रतिशत बढी भएकोमा खुसी व्यक्त गर्दछु। यसैगरी यहि अवधिमा राष्ट्रिय सडक सञ्जाल र यातायातको पहुँच पुग्न बाँकि हुम्ला सदरमुकाम सिमकोट समेत राष्ट्रिय राजमार्गको सञ्जालमा जोडिएर सवै जिल्लाहरुमा यातायातको पहुँच स्थापित भएको छ । यो एक वर्षको अवधिमा ९३० कि.मि. कालोपत्रे गर्ने लक्ष्य रहेकोमा ९३२ कि.मि. कालोपत्रे सम्पन्न, १५० वटा पुल निर्माण गर्ने लक्ष्य रहेकोमा १०५ वटा पक्की पुल निर्माण सम्पन्न तथा १० वटा बेलीबृज जडान भएका छन ।

मन्त्रालयले यस अवधिमा रुग्ण आयोजनाहरुको पहिचान र व्यवस्थापनलाई प्रमुख प्राथमिकता दिएर काम गरेको छ। आयोजनाहरु शुरु हुने तर पूरा नभई अलपत्र हुने परिपाटीको अन्त्यका लागि समिति गठन गरिएको र सो समितिले अध्ययन गरी दिएको प्रतिवेदन कार्यान्वयन गरी रुग्ण ठेक्काको संख्या उल्लेख्य मात्रामा घटाईएको छ। साथै

आ.व. २०८०/८१ को मन्त्रालयले भुक्तानी गर्नुपर्ने दायित्वको ठुलो रकम गत आ.व.मा भुक्तानी गरि/गराई निर्माण व्यवसायीहरुलाई सहज रुपमा काम गर्ने वातावरण सिर्जना गरिएको थियो। सवारी चालक अनुमति पत्र छपाई प्रदेश स्तरबाटै शुरुवात गर्न विषयगत समितिको बैठकबाट निर्णय भईसकेको छ। अब यो कार्य प्रदेश स्तरबाट नै हुने भएकाले लामो समय सम्म अनुमति पत्र नपाईने समस्याको अन्त्य हुने विश्वास गरिएको छ।

यसैगरी छपाई गरी वितरण गर्न बाँकी सवारी चालक अनुमतिपत्र छपाईका लागि सुरक्षण मुद्रण केन्द्रसँग समझदारी (MoU) भइसकेको छ । अब केही महिनामा नै छपाई गर्न बाँकी सवै सवारी चालक अनुमतिपत्र छपाई गरी वितरण गरिने छ । यहि अवधिमा सवारी चालक अनुमतिपत्रलाई नागरिक एपमा देखिने तथा विद्युतिय माध्यमबाट जाँच गर्न सक्ने, जरिवाना असुल तथा भुक्तानी गर्न सक्ने प्रवन्ध समेत गरिएकाले सवारी चालक अनुमति पत्रको रुपमा चिट बोकेर हिड्नु पर्ने बाध्यता अन्त्य भई सकेको छ ।

पूर्वपश्चिम रेलमार्ग निर्माणका लागि जग्गा अधिग्रहण गर्न सर्वसाधारणको जग्गा रोक्का भई रहेको अवस्थामा नागरिकलाई परेको असरलाई मध्यनजर गरी रोक्का गरिएको जग्गा फुकुवाका लागि बजेट बक्तब्य मार्फत नीतिगत ब्यवस्था गरिएको छ। रेलमार्ग विस्तारकालागि बर्दिवास क्षेत्रमा देखिएको मुआब्जा तथा क्षतिपूर्तिको समस्या समाधानका लागि काम अघि बढाईएको छ।

समुद्रमा नेपाली झण्डावाहक पानी जहाज सञ्चालन गर्ने नेपालीको सपना पनि अब साकार हुने दिशा तर्फ अघि बढेको छ। यसका लागि कानूनी जग बसाल्न तयार भएको पानी जहाज विधेयक राष्ट्रिय सभाबाट पारित भई प्रतिनिधीसभामा पेश भएको छ । बाँकी आवश्यक कानून निर्माण गर्ने, सन्धि सम्झौताहरुको पक्षराष्ट्र हुने लगायतका प्रकृया अघि बढेका छन् भने नेपाल भित्रै कोशी, नारायणी तथा कर्णालीका थप स्थान र रुटमा जलयान सञ्चालनकालागि अध्ययनको काम पनि भई रहेको छ। सार्वजनिक यातायातलाई थप व्यवस्थित बनाउन नयाँ राष्ट्रिय यातायात नीति, सवारी तथा यातायात व्यवस्था ऐन लगायतका कानूनी आधार खडा गर्ने काम अघि बढि सकेको छ।

समग्रमा, मन्त्रालयको यो एक वर्षको अवधि उपलव्धिमुलक तथा सफल भएको छ। सरकार तथा मन्त्रालयका गतिविधि एवं कार्यसम्पादनलाई सत्य-तथ्य रुपमा नागरिक समक्ष पुर्याउने समग्र सञ्चार क्षेत्र र सञ्चारकर्मीहरुको साथ र सहयोग महत्वपूर्ण रह्यो। आगामी दिनमा समेत यहाँहरुबाट यस्तै रचनात्मक सहयोगको अपेक्षा गरेको छु। साथै यस अवधिमा सहयोग र सहकार्य गर्ने सम्पूर्णमा आभार व्यक्त गर्दै आगामी दिनमा समेत यस्तै सहयोग र सद्भाव रहने विश्वास लिएको छु।

मिति २०८२/०४/०२

देवेन्द्र दाहाल
मन्त्री

## भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय मार्फत
## एक वर्षको अवधिमा भएका मुख्य-मुख्य कार्य सम्पादन एवम् उपलब्धिहरु

### मन्त्रालयले नीतिगतरुपमा अगाडि बढाएका कार्यहरु

- पानीजहाज सञ्चालन सम्बन्धी बिधेयक राष्ट्रिय सभाबाट पारित भई प्रतिनिधी सभामा पेश भएको।
- प्रदेशस्तरबाटै इलेक्ट्रोनिक चिप्स वा क्यु.आर.कोडसहितको सवारी चालक अनुमतिपत्र छपाइ गर्न सहजीकरण हुने गरी सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ को संशोधन नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत भई कार्यान्वयनको प्रकृया अगाडि बढाइएको।
- राष्ट्रिय यातायात नीति मन्त्रिपरिषद्मा पेश भई सबै प्रकृया पुरा भई निर्णयको क्रममा रहेको।
- सडक सुरक्षा नीतिको मस्यौदा तयार भई सरोकारवालासंग छलफलको क्रममा रहेको।
- सवारी तथा यातायात व्यवस्था बिधेयक तयार गरी नेपाल सरकार मन्त्रिपरिषद्मा पेश गरिएकोमा बिधेयक समितिमा छलफलमा रहेको।
- सडक सुरक्षा ऐन र निर्माण ब्यवसाय ऐन नयाँ बनाउन नेपाल सरकार मन्त्रिपरिषद्बाट सैद्धान्तिक सहमति प्राप्त भएको।
- Diploma Engineers council ऐनको मस्यौदा तयार भएको।
- शहरी क्षेत्र सार्वजनिक यातायात प्राधिकरणको नियमावली २०८१ को मस्यौदा तयार भई नेपाल सरकार मन्त्रिपरिषद्मा पेश गर्ने क्रममा रहेको।
- सडक दस्तुर उठाउने (कार्यबिधि) नियमावली २०८१ तयार भएको।
- नागढुङ्गा सुरुङ्गमार्गमा प्रवेश गर्ने सवारी साधनको दस्तुर निर्धारण भएको।

### सडक विभाग

- बि.सं. २०८१ साल असोज १०-१२ को अविरल वर्षाले क्षतिग्रस्त बि.पी., अरनिको, मेची, कान्ति, त्रिभुवन, पृथ्वी राजमार्ग लगायत देशका विभिन्न राष्ट्रिय राजमार्गहरुको शीघ्र मर्मत तथा पुनर्स्थापना गरी तत्काल सवारी साधन सञ्चालनको व्यबस्था मिलाई सवारी आवागमनलाई सहज बनाईएको।
- आ.व. २०८०/८१ मा बिकाश निर्माणका आयोजनामा दायित्व सिर्जना भई सोहि आ.व.मा भुक्तानी दिन बाँकी कुल दायित्व रकम रु ८ अर्ब ६६ करोड दोश्रो त्रैमासिक अवधि भित्रै भुक्तानी दिईएको। साथै गत आ.व. २०८१/८२ को भुक्तानी दायित्व अत्यन्त न्यून मात्र बाँकी रहेको।
- भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको बिगत ६ बर्षको कुल प्रगती तुलना गर्दा आ.व. २०८१/८२ मा सवैभन्दा बढी ७६.४१% खर्च भएको। मन्त्रालयको कुल ६७ वटा बजेट उपशीर्षक मध्ये २५ वटा बजेट उपशीर्षकमा ९०% भन्दा बढी प्रगती हासिल भएको।
- ललितपुरको ग्वार्कोमा फ्लाईओभर निर्माण कार्य सम्पन्न भई यातायात सञ्चालनमा आएको।
- सिद्धबाबा सुरुङ मार्गको ११२६ मिटरको मुख्य सुरुङ खन्ने कार्य सम्पन्न भएको साथै करिव ९०० मि. Concrete linning सम्पन्न भएको।

- मध्यपहाडी राजमार्गको विभिन्न खण्डहरूमा ७५ कि.मि. सडक कालोपत्रे गर्ने लक्ष्य रहेकोमा ५८.५ कि.मि. सडक कालोपत्रे गर्ने कार्य सम्पन्न भएको।
- हुलाकी राजमार्गको विभिन्न खण्डहरूमा कुल ७५ कि.मि. सडक कालोपत्रे गर्ने लक्ष्य रहेकोमा ९२.५ कि.मि. सडक कालोपत्रे गर्ने कार्य सम्पन्न भएको ।
- खार्पुनाथ गाउँपालिका-५ चुवाखोलास्थित कर्णालीनदीमा बेलिबृज निर्माण कार्य सम्पन्न भई हुम्ला जिल्ला बाह्रै महिना चल्ने गरी राष्ट्रिय सडक सञ्जालमा जोडिएको।
- मेची राजमार्गको पुवाखोला, बेशीसहर-चामे सडक खण्डको तिमाङ्ग खोला, कान्ति लोकपथको बागमती खोला, मध्यपहाडी राजमार्गमा पर्ने धादिङ्गको आँखु खोला, अरनिको राजमार्गको लिपिङ्ग, लार्चा, खागदल खोला, गाईघाट दिक्तेल सडक अन्तर्गत फोक्सिङ्टारमा सुनकोशी नदीमाथि बेलिबृज जडान गरी आवागमन सहज बनाईयो।
- राजमार्गका अवरुद्ध स्थानहरुमा विशेष परिस्थितिमा बाहेक आधाघण्टा भित्र मेसिन औजार पुर्याई दुई घण्टा भित्र अवरोध हटाई यातायात सूचारु गर्ने गरी व्यवस्था मिलाइएको।
- राजमार्ग अवरुद्ध भएको तथा खुलेको लगायतका विवरण अनलाईन सूचना प्रणालीमा प्रविष्टि गरी प्रयोगकर्ता तथा सरोकारवालाहरुलाई जानकारी उपलब्ध गराउने गरिएको।
- वि.पी. राजमार्ग, अरनिको राजमार्ग, मेची राजमार्ग, कान्ती राजपथ लगायत विभिन्न क्षतिग्रस्त राजमार्गहरुको पुनर्स्थापनाको लागि ठेक्का व्यवस्थापन भएको।
- नेपाली सेना र सडक बिभागको सहकार्यमा महाकाली नदी कटान रोक्ने आकस्मिक कार्य भएको।
- नागढुंगा सुरुङमार्ग अन्तर्गत टनेल संरचनाको सम्पूर्ण निर्माण कार्य सम्पन्न भई लाइटिङ, भेन्टिलेसन, आगलागी नियन्त्रण, पावर सप्लाई तथा आन्तरिक सूचना प्रणालीसँग सम्बन्धित यन्त्र- उपकरण जडान समेत सम्पन्न भएको। टनेल प्रवेश बिन्दु बलम्बुमा निर्माणाधीन फ्लाईओभरको निर्माण कार्य सम्पन्न भएको।
- कोशी कोरिडोर अन्तर्गत खाँदबारी किमाथान्का सडकको ट्र्याक खन्ने कार्य सम्पन्न भएको।
- तमोर करीडोरमा ४२ किलोमिटर कालोपत्रे सडक निर्माण सम्पन्न भएको ।
- कालिगण्डकी कोरिडोरको ५० कि.मि. सडक कालोपत्रे गर्ने लक्ष्य रहेकोमा ७१ कि.मि. सडक कालोपत्रे गर्ने कार्य सम्पन्न भएको।
- कर्णाली कोरिडोर अन्तर्गत हिल्सा-सिमिकोट सडक खण्डमा २० कि.मि. ग्राभेल सडक निर्माण गर्ने लक्ष्य रहेकोमा २० कि.मि. ग्राभेल सडक निर्माण सम्पन्न भएको। खुलालु-सल्लिसल्ला सडक खण्डको पिलुचौर देखि तुम्च (५० कि.मि.) सडकको कालोपत्रे स्तरमा स्तरोन्नति गर्ने गरी ठेक्का व्यवस्थापन भएको र खुलालु-पिलुचौर सडक खण्डमा थप ३५ कि.मि. ग्राभेल सडक निर्माण सम्पन्न भएको।
- पूर्वपश्चिम राजमार्गको नारायणघाट-बुटवल सडकको ११३ कि.मि. कालोपत्रे सम्पन्न गर्ने लक्ष्य रहेकोमा हाल सम्म ६० कि.मि चार लेन र थप ३३.५ कि.मि. २ लेन कालोपत्रे सम्पन्न भएको। गत आ.ब. मा ३० कि.मि चार लेन र १७.५ कि.मि २ लेन कालोपत्रे भएको, हाल दाउन्ने बाहेक अधिकांश स्थानमा यातायात आवागमन सहज रहेको।

- पूर्वपश्चिम राजमार्ग अन्तर्गत कमला-कञ्चनपुर सडकमा कुल ६३ कि.मि. कालोपत्रे गर्ने लक्ष्य लिईएकोमा आ.व. २०८१/८२ मा २२ कि.मि. कालोपत्रे सम्पन्न गरी कुल ५० कि.मि. चार लेनको कालोपत्रे सडक निर्माण सम्पन्न भएको ।
- पूर्वपश्चिम राजमार्ग अन्तर्गत काकरभिट्टा-लौकही सडकमा ११८ वटा Box Culvert/Animal pass, २६.९५ कि.मि. सबबेश र २.५ कि.मि. कालोपत्रे भएको छ।
- मदन भण्डारी राजमार्ग अन्तर्गत ३० कि.मि. सडक कालोपत्रे गर्ने लक्ष्य रहेकोमा ५०.५ कि.मि. कालोपत्रे सम्पन्न भएको।
- सडक सुरक्षा अन्तर्गत यो बर्ष २० कि.मि. लक्ष्य राखिएकोमा २८.२२ कि.मि. Crash Barrier लगाईएको।
- पृथ्वी राजमार्गको मुग्लिङ्ग-पोखरा पूर्वी खण्डमा आँबुखैरेनी देखि जामुने सम्मको ४१ कि.मि. सडक कालोपत्रे सहित निर्माण कार्य सम्पन्न भएको छ। पश्चिम खण्डको जामुने देखि पोखरा सम्म ३८ कि.मि मध्ये १० कि.मि. एक तर्फी (२ लेन) सडक कालोपत्रे भएको र २६ कि.मी ४ लेन कालोपत्रे सडक निर्माण सम्पन्न भएको। आ. व. २०८१/८२ मा २३ कि.मि. ४ लेन कालोपत्रे सडक र ११ वटा पुल निर्माण कार्य सम्पन्न भएको।
- नेपाल सरकारबाट Design and built सम्बन्धी कार्यका लागि Standard Biddding Document जारी भएको, स्पेशिफिकेशन संशोधन सम्बन्धी कार्य अगाडी बढाईएको र निर्माण कार्यको गुणस्तर सुनिश्चिताका लागि निर्माण सामग्री परिक्षण ल्याबहरुको व्यवस्थापन प्रभावकारी बनाईएको।
- हेम्जा-नयाँपुल सुरुङ्गमार्ग र दुम्कीवास-बर्दघाट सुरुङ्गमार्गको Detailed Feasibility study कार्य सम्पन्न भएको।
- रुग्ण ठेक्काहरुको अध्ययनबाट कुल ५८६ ठेक्काहरु पहिचान गरिएकोमा यस वर्ष भित्र १२० वटा रुग्ण ठेक्का तोडिएको, १५१ वटा रुग्ण ठेक्काहरुको समस्याको प्रकृति अनुसार समाधानको प्रकृया अगाडि बढाईएको, साथै बाँकी रुग्ण ठेक्काहरुको उचित निकाशको लागि थप अध्ययन भईरहेको छ।
- आ.व. २०८१/८२ मा ९३० कि.मि. कालोपत्रे सडक निर्माण गर्ने लक्ष्य राखिएकोमा ९३२ कि.मि. कालोपत्रे भएको।
- आ.व. २०८१/८२ मा १५० वटा पुल निर्माण गर्ने लक्ष्य लिईएकोमा १०५ वटा पुल निर्माण सम्पन्न भएको।
- यस वर्षमा ९० प्रतिशत भन्दा बढी सडकमा पटके मर्मत गरी खाल्डाखुल्डी रहित बनाईएको तथा देशभरिका राष्ट्रिय राजमार्गमा ३१४ कि.मि. आवधिक मर्मत कार्य सम्पन्न भएको।

## रेल विभाग

- पूर्वपश्चिम रेलमार्गको महोत्तरी वर्दिवास चोचा खण्डमा यस बर्ष ३.६१ कि.मी ट्र्याक वेड निर्माण सम्पन्न भई हालसम्म कुल ६८.६१ ट्र्याक वेड निर्माण कार्य सम्पन्न भएको छ।
- जयनगर जनकपूर भंगाहा रेल मार्गको लागि Washing Pit, Fueling Station तथा कुर्था स्टेशनमा Warehouse निर्माण कार्य सम्पन्न भएको छ।
- भंगाहा वर्दिवास रेलमार्गको धनुषा जिल्लामा रहेको खण्डमा विधुतिय क्रशिङको Underground गर्ने कार्य सम्पन्न भएको छ।
- बर्दिवास-चोचा रेलमार्ग खण्डमा ३ वटा रेलपुल निर्माण कार्य सम्पन्न भईसकेको।

## यातायात व्यबस्था बिभाग

- वैदेशिक रोजगार, वैदेशिक अध्ययन अन्तर्राष्ट्रिय शान्ति मिसन र कूटनीतिक नियोगममा खटिने पदाधिकारी/नागरिकलाई आवश्यक सवारी चालक अनुमतिपत्र छपाइलाई व्यवस्थित तुल्याउन अत्यावश्यक चालक अनुमतिपत्र छपाई (Urgent Printing) सम्बन्धी निर्देशिका, २०८१ कार्यान्वयनमा ल्याइएको,
- इम्बोस्ड नम्बर प्लेट जडान प्रक्रियालाई सरल, व्यवस्थित र प्रभावकारी बनाउने सम्बन्धमा इम्बोस्ड सवारी नम्बर प्लेट (EVNP) जडान सम्बन्धी निर्देशिका, २०८१ स्वीकृत गरी कार्यान्वयन गरिएको,
- नागढुंगा(काठमाडौं)-सिस्नेखोला(धादिङ) सुरुङ मार्गमा यातायात सञ्चालन सम्बन्धी निर्देशिका २०८१ स्वीकृत भएको।
- सुरक्षण मुद्रण केन्द्रवाट QR प्रविधिमा आधारित सवारी चालक अनुमतिपत्र छपाइ गर्ने गरी MOU सम्पन्न भई कार्य अगाडि बढाइएको।
- सवारी चालक अनुमति पत्रको वितरण कार्यलाई व्यवस्थित र सेवा प्रवाहलाई परिष्कृत गर्ने प्रयोजनका लागि Token प्रणाली लागू गरिएको।
- सवारी चालक अनुमतिपत्रसम्बन्धी देशभर एउटै मापदण्ड बनाउन Standard Art work डिजाइन स्वीकृत भएको साथै प्रदेशस्तरबाटै सवारी चालक अनुमतिपत्र छपाइ कार्यलाई सहजीकरण गर्न सवारी चालक अनुमतिपत्र र प्रिन्टरको Reference specification तयार गरी प्रदेशमा पत्राचार गरिएको,
- यातायात व्यवस्था विभाग र प्रदेशस्थित कार्यालय तथा निकायबीच सूचना प्रविधि तथा सफ्टवयेर सम्बद्ध गुनासो टिपोट गर्ने, अभिलेख राख्ने. समाधानको लागि समन्वय गर्ने लगायतको कार्य गर्न विभागमा सम्पर्क व्यक्ति (Focal person) तोकिएको,
- सवारी चालक अनुमतिपत्र नागरिक एपबाट देखाउन मिल्ने र ट्राफिक भ्वाइलेशन रेकर्ड सिस्टम (TVRS) मार्फत इ-चलान (डिजिटल चिट) काट्न मिल्ने गरी विभागको system लाई ट्राफिक प्रहरीबाट सञ्चालित TVRS प्रणालीसँग आवद्ध गरिएको,

- यातायात व्यवस्थापन एवं सेवा प्रवाहमा सहजीकरण तथा भावी योजना सम्बन्धमा संघ, प्रदेश र स्थानीय तह बीचको विषयगत समितिको बैठक २०८१ श्रावण र फागुन महिनामा सम्पन्न भई यातायात सेवा व्यवस्थापन सम्वन्धमा सरलिकरण गरिएको।
- आ.व. ०८१/८२ को श्रावण देखि असारमसान्त सम्म ३,७९,५२६ थान स्मार्ट कार्ड प्रिन्ट गरि वितरण गरिएको। हाल सम्म ४०,७१,१८१ थान प्रिन्ट तथा वितरण गरिएको।
- आ.व. ०८१/८२ को श्रावण देखि असारमसान्तसम्म इम्बोस्ड नम्बर प्लेट १,६१,८२६ थान उत्पादन र १,५१,१५८६ थान जडानका लागि वितरण गरिएको। हाल सम्म ७ लाख ४४ हजार ४५ थान उत्पादन र ८५ हजार ६ सय २४ थान जडान गरिएको।

## पानी जहाज कार्यालय

- २०८१ असोजको वाढीले कोशी नदीको जलमार्ग क्षतिग्रस्त वनाएको सन्दर्भमा पुनः अवरोध हटाई चतरा देखि कोप्चे सम्म जेटवोट संचालन सुचारु गरिएको ।
- नेपालका नाविकहरुलाई नाविक परिचय पत्र प्रदान गर्न ILO185 र MLC 2006 अनुमोदन गरी नेपाल पक्ष राष्ट्र बन्नुपर्ने भएकोले सन्धि सम्पन्न गर्ने निर्देशिका २०७७ वमोजिम गठित समितिमा गहन अध्ययन छलफल गरी प्रतिवेदन पेश गरिएको र अनुमोदन गर्ने कार्य प्रारम्भ भएको ।
- नारायणघाट देखि देवघाटसम्म जलमार्ग संचालन हुँदा स्थानियवासी र धार्मिक पर्यटकहरु लाभान्वीत हुने हुँदा सो कार्य शुरु गरिएकोमा आगामी आ.व मा सम्पन्न गर्ने योजना रहेको ।
- ठुलो संख्यामा नेपालीहरु विभिन्न देशमा रही समुद्रमा काम गर्दै गरेको भएपनि कुनै अधिकारिक तथ्याङ्क नभएकोले त्यस्ता जनशक्तिको विवरण तयार गर्न र त्यस्ता जनशक्तिलाई भविष्यमा नाविक परिचय पत्र प्रदान गर्न, नाविक कितावहरु प्रदान गर्न, तालिम प्रदान गर्ने लगायतका कार्य गर्न र सामुन्द्रिक विपत्तिको अवस्थामा नेपाली नियोगहरु तथा सम्बन्धित देशहरुसंग समन्वय गरी शीघ्र उद्धार कार्यमा सहयोग पुग्ने गरी तथ्यंक संकलन गर्नको लागि Mobile Apps NSMIS बनाई कार्य शुरु गरिएको।
- नेपालभित्र र वाहिर पानीजहाज संचालन, व्यवस्थापन र नियमन गर्न, नेपाल वाहिर काम गर्ने नाविकहरुको पहिचान तथा क्षमताको प्रयोग देशको लागि गर्न तथा समुद्रवाट भूपरिवेष्ठित देशले लिनसक्ने फाइदा सम्बन्धमा कानूनी स्पष्टता लागि तयार गरिएको पानीजहाज सञ्चालन तथा व्यवस्थापन गर्न बनेको विधेयक राष्ट्रिय सभाबाट पारित भई प्रतिनिधीसभामा पेश भएको।

मिति:२०८२/०४/०२

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सिंहदरवार